पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।१०।२१ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्या:- ९

निर्णय नं. १: अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो।

निर्णय नं. २: पैयूँ गाउँपालिका पर्वतको मिति २०८२।०८।०५ गते प्रकाशित Paiyun Aadharbhut Aspataal Dekhi Hatemalo chowk Galchhina Hudai Gaunpalika Vawan Sadak Nirman (IFB No.PRM/NCB/W/R/PAR/08/2082-083) को सूचना बमोजिम मुल्याङ्कन समितिको २०८२।१०।१३ को निर्णय अनुसार ठेक्काको Standard Bid Document मा प्राविधिक त्रुटि हुनगई मुल्याङ्कन अगाडि बढाउन नसकिने भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम ठेक्का रद्द गर्न सिफारिस भएकाले उक्त ठेक्का प्रचलित कानून बमोजिम रद्द गरी परामर्शदाता बाट पुनः पेश हुन आएको संशोधित डिपिआर बमोजिमको लागत अनुमान रु.२,३१,१३,२००।२७(अक्षेरेपि दुई करोड एकतिस लाख तेह्र हजार दुई सय रुपैया सत्ताइस पैसा मात्र) स्वीकृत गर्ने र ठेक्काको म्याद २०८३ मंसिर मसान्त सम्म कायम गरी बहुवर्षीय ठेक्काको पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.३: राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गते को प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम यस पैयूँ गाउँपालिकाबाट प्राथमिकताका आधारमा तपसिल बमोजिमका योजनाहरु छनौट गरी पेशगर्ने निर्णय गरियो।

तपसिल

संघीय समपूरकतर्फः

१) गल्छिना-धरमपानी, हुवास-दर्वु, फिल्थुम्का-पियाखेत सडक

२) त्रिवेणी बजार हुँदै वडा कार्यालय जाने सडक

३) गाउँपालिका देखि ३ नं. वडा कार्यालय जाने सडक

प्रदेश समपुरकतर्फः

१) अर्थुन बजार देखि टकलाक वडा कार्यालय, भोर्ले-हिले सडकखण्ड

२) मर्दिखोला भित्रि बजार, हातेमालो चोक क्याम्पस रोड सडकखण्ड

३) दाङ्सिङ कल्भर्ट निर्माण

संघीय विशेषतर्फः

१) फोहरमैला व्यवस्थापन केन्द्र जाने सडक पैयूँ-२

२) सौरीकोट खानेपानी आयोजना

३) सित्ले देविथान मन्दिर आयोजना

प्रदेश विशेषतर्फः

१) उपल्लो गोरादी- डाँडाथोक खानेपानी आयोजना

२) चालालुङ गुफा

३) किक्रिक सिंचाई आयोजना

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।१०।२१ गते आ.व. २०८२/८३ बैठक सङ्ख्या:- ९

**निर्णय नं.४:** चालु आ.व.०८२/८३ मा कार्यान्वयनमा रहेका तपसिलका योजनाहरुको लागि आगामि आ.व.०८३/८४ मा राष्ट्रिय योजना आयोगमा थप बजेट माग नगर्ने निर्णय गरियो।

तपसिल

हाँडिखर्क-भोर्ले- काभ्रे इकाङ जैथुम सडक निर्माण - सङ्घीय समपुरक अनुदान

फोहोरमैला व्यवस्थापन परियोजना पैयूँ -५ पर्वत - सङ्घीय विशेष अनुदान

**निर्णय नं. ५ :** पैयूँ क्षेत्र ग्रामिण सामुदायिक विद्युतिकरण उपभोक्ता समितिको कार्यालय पालिकाको हाताभित्र रहेको गार्ड कक्षमा स्थापना गर्ने समिति गठन नभएतापनि अन्य प्रक्रिया (अफिस व्यवस्थापन, अनलाईन बिलिङ प्रणाली आदि) अगाडी बढाउन आवश्यक निर्देशन दिने साथै उक्त समिति भित्रका साविकका उराम गा.वि.स. र होस्राङ्दी गा.वि.स. लाई बैठकमा समावेश गराउने निर्णय गरियो।

**निर्णय नं. ६ :** निर्वाचन आचार संहिता, २०८२ पूर्ण रुपमा पालना गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. ७ :** शिक्षा शाखाबाट पेस भई आएको खर्च विवरण अनुसार राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना,२०८२ को खर्च अनुमोदन गर्ने र नपुग रकम रु ३,६४,०००।- (अक्षरेपि तीन लाख चौसट्ठी हजार मात्र) वार्षिक योजना मागमा आधारित शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो।

**निर्णय नं. ८ :** राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रथामिकता सूचि अनुरुप वडामा आयोजनामा लागत साझेदारी गरी कार्य संचालन गर्न रोजगार शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९ :** बैठकमा पेश हुन आएका तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क) पैयूँ गाउँपालिकामा महिलाको नेतृत्वमा हाई-टेक टनेल परियोजना कार्यविधि,२०८२

ख) सामाजिक संघ/संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धि कार्यविधि,२०८२

ग) चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि,२०८२

**निर्णय नं. १० :** पैयूँ गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।साथै मस्यौदा समितिले आवश्यकताको आधारमा सम्बन्धित क्षेत्रको विज्ञ र अन्य कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

क) जिवन गैरे (प्रमुख प्रशासकीय अधिकृत) – संयोजक

ख) सम्जना आचार्य लामिछाने (प्रशासकीय अधिकृत) - सदस्य

ग) पूर्णचन्द्र काफ्ले (प्र.अ. पालुस्थान मा.वि.) – सदस्य

घ) हिमलाल बसेल(प्र.अ. निर्मल जनसेवा मा.वि.) - सदस्य

ङ) गोविन्दराज सुवेदी (शिक्षा अधिकृत) – सदस्य सचिव

**निर्णय नं.११ :** पैयूँ गाउँपालिका भित्र राजेन्द्र अन्जना फाउन्डेसनबाट संचालित अनाथालय आश्रम "संसरा घर" मा आश्रित बालबालिकाको निशुल्क उपचारका लागि निवेदन माग भई आएकोमा पैयूँ आधारभूत अस्पतालबाट प्रवाह हुने सम्पूर्ण प्रकारका उपचारका सेवाहरु निशुल्क रुपमा प्रदान गर्ने निर्णय गरियो।

गाउँ कार्यपालिकाको कार्यालय, पैयूँ गाउँपालिका, गण्डकी प्रदेश, नेपाल २०७३

तारा [illegible] ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।१०।२१ गते                                                  आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ९

निर्णय नं. १२ : नेपाल सरकारको मन्त्रिपरिषदको निर्णयानुसार "करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्बन्धि कार्य संचालन कार्यविधि" बमोजिमको कार्य संचालन गर्न कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो। सो कार्यका लागि फोकल पर्सनको रुपमा कार्यालयमा कार्यरत तपशिलका कर्मचारीलाई तोक्ने निर्णय गरियोः

१) जिवन गैरे – प्रमुख प्रशासकीय अधिकृत

२) सम्जना आचार्य लामिछाने – प्रशासकीय अधिकृत

३) देवेन्द्र बस्याल – वरिष्ठ सहायक पाँचौ

निर्णय नं. १३ : सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रलालयको मिति २०८२/०९/१७ को सूचना बमोजिम राष्ट्रिय महिला सशक्तीकरण परियोजना कार्यक्रमका लागि तपसिलको महिला उद्यमिलाई छनौट गर्ने निर्णय गरियो।

तपसिल

उद्योगको नामः टकलाक खाद्य प्रशोधन तथा प्याकेजिङ्ग उद्योग,

ठेगानाः पैयूँ गाउँपालिका वडा नं.१ टकलाक,

उद्यमीः जानु कुमारी शर्मा न्यौपाने

फोन नं. ९८६७६९०३८७/९८४९७८७२५६

उद्योग दर्ता नं.३८५१

निर्णय नं. १४ : पैयूँ गाउँपालिकामा कार्यरत कर्मचारी प्रेम प्रसाद भुसाल (सव इन्जिनियर) र श्री लक्ष्मी देवी भुसाल (सि.अ.न.मी.) ले माग गरे बमोजिमको बेतलबी बिदा स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मुख्यमन्त्री नवपर्वतन कार्यक्रम सम्झौताको लागि यस कार्यालयको मिति २०८२/१०/०६ को पत्र बमोजिम प्रमुख प्रशासकीय अधिकृतको सम्झौताको अख्तियारी अनुमोदन गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

निर्णय नं. १६: पैयूँ गाउँपालिका भित्र बसोबास गर्ने देहाय बमोजिमका विरामीलाई औषधी उपचार खर्च वापत तपसिल अनुसार आर्थिक सहायता रकम सहयोग गर्ने निर्णय गरियो ।

| नाम | ठेगाना | आर्थिक सहयोग रकम रु. |
|---|---|---|
| केशवराज आचार्य | पैयूँ -२ | २५०००।- |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।१०।२१ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्याः- ९

**निर्णय नं.१७:** जग्गा वर्गीकरण गरिपाउँ भनि तपसिल अनुसारका ब्यक्तिहरुबाट दिएको निवेदन उपर छलफल गरी देहाय अनुसार निजहरुको जग्गा वर्गीकरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | जग्गा धनीको नाम | साविकको ठेगाना | कित्ता नं. | क्षेत्रफल | कायम गरिएको जग्गा वर्गीकरण |
|---|---|---|---|---|---|
| १ | चुलमाया क्षेत्री | हुवास गाविस वडा नं.८ | ७५४ | ०-७-२-० | आवासीय |
| २ | रुकमाया सापकोटा | हुवास गाविस वडा नं.८ | ७५५ | ०-७-१-३ | आवासीय |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष